**CDC Journal, Year 31, No. 45, December 2023, DOI:** https://doi.org/10.3126/cdj.v31i45.68994
**Received Date:** December 29, 2023 **Accepted Date:** April 29, 2024

# बुद्ध : राहुलको रोदन सुनेपछि कवितामा बन्धन र मोक्ष चिन्तन

**मनमाया पोखरेल**
*पद्मकन्या बहुमुखी क्याम्पस, त्रि.वि.*
***Email:*** *manmayapokharel@gmail.com*

## लेखसार

*'बुद्ध : राहुलको रोदन सुनेपछि' कवितामा बन्धन र मोक्ष चिन्तन शीर्षकको यस लेखमा पूर्वीय दर्शनका बन्धन र मोक्षसँग सम्बन्धित अवधारणाका आधारमा बन्धन र मोक्षसम्बन्धी दार्शनिक चिन्तन प्रस्तुत गरिएको छ । यस क्रममा उपनिषद, गीता, साङ्ख्य, वेदान्त, जनक र बौद्ध दर्शनमा बन्धन र मोक्षलाई के कसरी हेरिएको छ भन्ने दार्शनिक मान्यताहरु अति सङक्षिप्त रूपमा प्रस्तुत गर्दै कविका बन्धन र मोक्षसम्बन्धी चिन्तनलाई कवितामा व्यक्त विभिन्न साक्ष्यका आधारमा विश्लेषण गरिएको छ । यस कवितामा राहुलको रोदन सुनेपछि बुद्धको मानसिकतामा जागृत सांसारिक मोह तथा विषयप्रतिको आशक्ति प्रस्तुत गर्दै अन्ततः जगत्का सबै सम्बन्ध र विषयहरु क्षणिक र अस्थायी हुन्, तिनको मोहले मनुष्यलाई चिरसुख प्रदान गर्न सक्दैन । त्यसैले त्यस्ता क्षणिक सुखमा आफू रमाउन नसक्ने भई ज्ञानरूपी ज्योति पाउन आफू अग्रसर भएको बुद्धको मानसिकतालाई कविकल्पनाद्वारा प्रस्तुत गरिएको छ । अतः यस कवितामा कविका बन्धन तथा मोक्षसम्बन्धी चिन्तन व्यक्त भएको निष्कर्ष यस लेखमा निकालिएको छ ।*

**शब्दकुञ्जी :** *अविद्या, जीव, नश्वर, पुनर्जन्म र ब्रह्म*

## विषयपरिचय

घनश्याम कँडेल (२००२) नेपाली साहित्य र समालोचना क्षेत्रमा कलम चलाउने प्रतिभा हुन् । कविका रूपमा उनका देवयानी (२०३९), विश्वामित्र–मेनका (२०६६), धृतराष्ट्रजस्ता खण्डकाव्य तथा जीवनका सन्दर्भहरु (२०५०) नामक कवितासङ्ग्रह प्रकाशित भएका छन् । घनश्याम कँडेल ऐतिहासिक तथा पौराणिक विषयलाई कल्पनाले सजाएर सुन्दर कविता सिर्जना गर्ने कवि हुन् । उनले आफ्ना कवितामा पात्रको मानसिकताको चित्रण गरेका छन् । यो कँडेलको महत्त्वपूर्ण काव्यात्मक विशेषता हो । घनश्याम कँडेलद्वारा लिखित बुद्ध : राहुलको रोदन सुनेपछि कवितामा कविले राहुलको रोदन सुनेपछिको बुद्धका मनमा सिर्जित अवस्थाको चित्रण गरेका छन् । प्रारम्भमा उनी पुत्रमोहले अत्यन्तै आकर्षित भएका तर अन्ततः त्यस मोहलाई मोक्षप्राप्तिको बाधक ठानी उनमा सत्यको स्वरूप प्रदीप्तिमय हुन्छ भन्ने चैतन्य उद्बोधन भएको छ ।  दार्शनिक चिन्तनअनुसार संसार दुःखमय छ र

दुःखको मूल कारण अज्ञानता हो । यही अज्ञानताका कारण जीव जन्ममरणको चक्रमा घुमिरहन्छ । यसरी जीव सृष्टिचक्रमा घुमिरहनु बन्धन हो । अविद्याको पर्दा हटी ब्रह्मबाहेक अरु केही सत्य होइन भन्ने चैतन्य बोध हुनु मोक्षको अवस्था हो । यही सैद्धान्तिक मान्यताका आधारमा विवेच्य कविताको विश्लेषण गरी यसमा बन्धन र मोक्षको चिन्तन सशक्त रूपमा अभिव्यक्त भएको निष्कर्ष निकालिएको छ ।

## अध्ययन विधि र सैद्धान्तिक पर्याधार

प्रस्तुत लेखमा प्राथमिक र द्वितीय दुवै स्रोतका सामग्रीहरूको उपयोग गरिएको छ । आवश्यक सबै सामग्रीहरु पुस्तकालयबाट सङ्कलन गरिएका छन् । विवेच्य कवितालाई प्राथमिक स्रोतको सामग्रीका रूपमा लिइएको छ भने उक्त कवितामा प्रयुक्त बन्धन र मोक्षचिन्तनसँग सम्बन्धित पक्षको विश्लेषण गर्न प्रयोग गरिएका सैद्धान्तिक तथा समालोचकीय पुस्तक तथा शोधप्रबन्धलाई द्वितीय स्रोतका सामग्रीका रूपमा लिइएको छ । कवितामा प्रयुक्त बन्धन र मोक्षचिन्तनको विश्लेषण पूर्वीय दर्शनका बन्धन र मोक्षचिन्तनका अवधारणसँग सम्बन्धित भएर गरिएको छ । यसका लागि कविताका श्लोकहरूलाई आधार बनाइएको छ । अतः कविता विश्लेषणको ढाँचा पाठ विश्लेषणमा आधारित गुणात्मक किसिमको रहेको छ । प्राप्त सामग्रीको विश्लेषण गर्न व्याख्यात्मक र विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ ।

बन्धन र मोक्षचिन्तन पूर्वीय दर्शनका आधारभूत मान्यता हुन् । दर्शन भन्नाले बाह्य आँखाले भौतिक जगत् र भित्री वा ज्ञानका आँखाले आत्मिक संसारलाई देख्नु भन्ने बुझिन्छ । अर्को शब्दमा भन्दा कुनै पनि विषयको गम्भीर चिन्तन नै दर्शन हो । दर्शनलाई पूर्वीय र पाश्चात्य गरी दुई भेद गरिएको छ । पूर्वीय दर्शनलाई  वेदलाई मान्ने र नमान्ने आधारमा वैदिक र अवैदिक दुई भेद गरिएको छ । वैदिक दर्शनअन्तर्गत साङ्ख्य, योग, न्याय, वैशेषिक, मीमांसा र वेदान्त दर्शन पर्छन् । यी दर्शनलाई षड्दर्शन पनि भनिन्छ । बौद्ध, जैन र चार्वाक अवैदिक दर्शन हुन् । पूर्वीय दर्शनले अत्यन्त महत्त्वका साथ व्याख्या गरेका विषयमा प्रकृति, सृष्टि, मोक्ष, ईश्वर, जीव, जीवात्मा, कर्म, जगत्, ब्रह्म, माया, शरीर, मन, सुखुदःख, पुनर्जन्म आदि हुन् (न्यौपाने, २०७२, पृ. २९) । यिनै विषयसँग सम्बद्ध भएर आउने अन्य महत्त्वपूर्ण विषयहरूमा बन्धन र मोक्षसम्बन्धी चिन्तन पनि पूर्वीय दर्शनमा सशक्त रूपमा अभिव्यक्त भएको पाइन्छ । प्रस्तुत लेखको विषय बन्धन र मोक्ष चिन्तनमा केन्द्रित भएकाले यिनै दुई विषयमा आधारित भएर तिनै विषयको चर्चा यस सैद्धान्तिक पर्याधारमा गरिएको छ ।

### पूर्वीय दर्शनमा बन्धन चिन्तन

सामान्य अर्थमा 'बन्धन' भन्नाले बाँध्ने काम भन्ने बुझिन्छ । पूर्वीय दर्शनअनुसार बारम्बार जन्म र मृत्युको चक्रमा परिरहनु नै बन्धन हो (न्यौपाने, २०७२, पृ. २९-३०) । यसलाई अविद्याको अवस्था वा अज्ञानावस्था पनि भनिन्छ । यही अविद्याले जीवमा जगत् साँच्चै नै छ भन्ने भ्रान्ति गराउँछ (रिजाल, २०७०, पृ. ४०) ।  यस धरतीमा जन्मने हरेक प्राणीले जन्मसँगै मृत्युलाई लिएर आउने हुनाले प्राणी वा जीवको मृत्यु अवश्यम्भावी छ । प्राणी वा जीवले धरतीमा जन्मिएर अनेकौँ किसिमका कर्महरु गर्छ ।

उसले गरेका तिनै कर्मअनुसार उसको पुनर्जन्म हुन्छ भन्ने पूर्वीय दर्शनको मान्यता रहेको छ । अतः बारम्बार जन्ममृत्युको चक्रमा परिरहनु नै बन्धन हो भन्ने कुरा पूर्वीय दर्शनले मानेको छ । पूर्वीय दर्शनको आधार ग्रन्थ उपनिषद्मा जन्म मरणको चक्र सांसारिक बन्धन हो भनिएको छ (न्यौपाने, २०७२, पृ. ३०) । गीतामा भवरूपी सागरमा सुख दुःखको अनुभूति भइरहनुलाई बन्धन भनिएको छ । साङ्ख्य दर्शनले त्रिविध दुःखका कारण हरेक जीव बन्धनमा पर्छ भनेको छ । यस दर्शनले सम्पूर्ण संसार गुणको अधीनमा छ । त्यसैले यो संसार दुःखमय छ भनेको छ (राई, २०७४, पृ. २९९) । वेदान्त दर्शनले सांसारिक प्रपञ्चमा फस्नुलाई बन्धन भनेको छ । यस दर्शनअनुसार ब्रह्मको यथार्थ स्वरूपको ज्ञान नहुनु, मिथ्या ज्ञान हुनु र यसैबाट सांसारिक प्रपञ्चलाई नै ठुलो मानेर त्यसैमा फस्नु बन्धन हो (गौतम, २०७८, पृ. १०२) । बौद्ध दर्शनले वासना, काम, क्रोध, लोभ, मोह, भ्रम र दुःखजस्ता सांसारिक पीडालाई दुःखका कारण मानेको छ (रेग्मी, २०७७, पृ. १६३) र यिनै कुरामा फसेर मान्छे सांसारिक बन्धनमा पर्छ भन्ने आशय प्रकट गरेको छ । यस दर्शनले चित्त कामरागबाट मुक्त भई नसकेको अवस्थालाई बन्धन मानेको छ (शाक्य, २०६४, पृ. २८) । यसरी हेर्दा, बन्धन भनेको अज्ञानको अवस्था हो । ज्ञानको अभावका कारण प्राणी वा जीव बारम्बार जन्ममृत्युको चक्रमा परिरहन्छ । जबसम्म प्राणी वा जीवमा वास्तविक ज्ञानको उदय हुँदैन तबसम्म ऊ बन्धनमा परिरहन्छ । अतः अविद्या, सांसारिक मायामोह तथा सुखदुःखको अनुभूति आदि कारणले जन्म मरणको चक्रमा परिरहनु नै बन्धन हो ।

## पूर्वीय दर्शनमा मोक्ष चिन्तन

सांसारिक दुःखबाट छुटकारा पाउनु नै मोक्ष हो । पूर्वीय दर्शनले मोक्ष चिन्तनलाई अत्यन्त महत्त्वका साथ हेरेको पाइन्छ । त्यसैले यस दर्शनको चिन्तन मोक्ष चिन्तनमा केन्द्रित रहेको छ । पूर्वीय दर्शनअनुसार मोक्षलाई दुःख विनाशको अवस्था मानिन्छ (चालिसे, २०६९, पृ. ७५) । यस दर्शनमा धर्म, अर्थ, कर्म र मोक्ष जस्ता पुरूषार्थ चतुष्ठ्यमध्ये मोक्षलाई प्रायः जसो सबै पूर्वीय दर्शनले मुख्य पुरूषार्थ मानेका छन् । सबैजसो दर्शनले संसारलाई दुःखमय मान्दै यस्तो संसारबाट मुक्त हुनु, बारम्बार हुने जन्ममृत्युको चक्रबाट छुटकारा पाउनुलाई मोक्ष भनेको छ । साङ्ख्य दर्शनले यस दुनियाँमा आध्यात्मिक, आधिभौतिक आधिदैविक गरी तीन प्रकारका दुःख छन् । उक्त दुःखबाट छुटकारा पाउनु नै मोक्ष हो भनेको छ (राई, २०७४, पृ. ३००) । वेदान्त दर्शनअनुसार ज्ञानको प्राप्ति र अविद्याको विनाश नै मोक्ष प्राप्तिको प्रमुख आधार हो । यस दर्शनले जीव र ब्रह्मा, आत्मा र ब्रह्मा, आत्मा र परमात्मा आदिका बीच एकाकार हुनु र अविद्याको नाश भई बन्धनमुक्त भएर सचिदानन्दमा समाहित हुनु मोक्ष हो भनेको छ (गौतम, २०७८, पृ. १०३) । जनक दर्शनले सांसारिक दुःखबाट छुटकारा पाउनु नै मोक्ष हो भनेको छ (जनक-दर्शन, २०५५, पृ. १४५) । यस दर्शनमा मुक्तावस्थाको आत्माको स्थितिलाई लिएर मुक्तिलाई जीवन्मुक्ति र विदेहमुक्ति गरी मुक्ति (मोक्ष)लाई दुई भागमा विभाजन गरिएको पाइन्छ । बौद्ध दर्शनले मोक्षलाई निर्वाण भनेको छ र सबै प्रकारका अज्ञानताबाट मुक्त बोधिको अवस्था नै निर्वाण हो भनेको छ (चालिसे, २०६९, पृ. ८०) । यसरी हेर्दा प्राणी वा जीवमा अज्ञानता नष्ट भई आत्मज्ञान वा ब्रह्मज्ञान उद्बोधन भई सांसारिक बन्धनबाट मुक्त भएको अवस्था

नै मोक्षावस्था हो । जीवले जबसम्म 'म नै आत्मा हुँ', 'ब्रह्म भनेको म नै हुँ' भन्ने ज्ञानको बोध गर्दैन तबसम्म ऊ बन्धनमुक्त हुँदैन । अतः जन्म मृत्युका चक्रबाट सदाका निम्ति छुटकारा पाएर बन्धनरहित अवस्थामा पुग्नु नै मोक्षावस्था हो ।

बुद्ध : राहुलको रोदन सुनेपछि कविताको भाव सन्दर्भ

कवि घनश्याम कँडेलद्वारा लिखित बुद्ध : राहुलको रोदन सुनेपछि कविता दार्शनिक चिन्तनमा आधारित कविता हो । कवि कँडेल पात्रहरूको मनोलोकको रचना गर्छन् (पोखेल, २०७३, पृ. क) भनेझैँ यस कवितामा कविले राहुलको रोदन सुनेपछिको बुद्धको मानसिकतालाई कवि कल्पनाले सजाएर प्रस्तुत गरेका छन् । कवि कँडेलका बन्धन र मोक्षसम्बन्धी दार्शनिक चिन्तनहरू प्रस्तुत भएको यस कवितामा कविले बुद्धले राहुलको रोदन सुनेपछि उनका मस्तिष्कमा उब्जिएका राग विरागका भावहरू प्रस्तुत गरेका छन् । कविका अनुसार राहुलको रोदनले तानिएका बुद्धमा सांसारिक विषयप्रति रागात्मकता जन्मिएको छ, उनी मोह बन्धनमा परेका छन् । त्यसैले राहुलको रोदन उनलाई सङ्गीतमय र मिठासपूर्ण लागेको भाव कवितामा व्यक्त गरिएको छ । रोदनबाट नै सृष्टिचक्र चलेको हो कि भनी संशय व्यक्त गर्ने बुद्ध राहुल आत्नो आन्तरिक चाहना नै पो हो कि भन्ने आशंका व्यक्त गर्छन् । कविले राहुलको रोदन सुन्नुअगाडि संसारलाई दुःखको घर सम्झने बुद्धलाई उनको रोदन सुनेपछि सबै कुराले आकर्षण पैदा गर्न थालेको र राहुलमा आत्नो नयाँ जुनी देख्न थालेको कुरा व्यक्त गरेका छन् । उनमा उत्पन्न यस किसिमका भावहरूले बुद्धमा एकैपटक सुखदुःख दुवै किसिमका अनुभूति उत्पन्न भएको अनुभव हुन्छ । पूर्वीय दर्शनले यस किसिमका सुख र दुःख दुवै अनुभूतिलाई बन्धन मानेको छ । यसरी राहुलको रोदनले बुद्धमा अविद्या र अज्ञानताको स्थिति सिर्जना गरेको छ, उनलाई सांसारिक विषयबन्धनले आकर्षण गरेको छ । यस कवितामा जन्ममृत्यु चक्रमा परेर पटकपटक पुनर्जन्म लिनु भनेको जीव वा प्राणी बन्धनमा पर्नु हो भन्ने भाव व्यक्त गरिएको छ । त्यसै गरी कवितामा जीवनजगत्मा देखिने सबै कुरा भ्रम हुन्, यी सबै क्षणिक र नश्वर छन्, यस्ता नश्वर वस्तुहरूको मोह बन्धनमा फसेर मानिस सधैं रमाउन सक्दैन भन्ने दार्शनिक विचार व्यक्त गरिएको छ । जीवमा अविद्याको पर्दा हटी चैतन्य बोध भएपछि ऊ त्यस्ता सांसारिक वस्तुका पछि लाग्दैन, परमब्रह्माको खोजीमा लाग्न थाल्छ भन्ने भाव पनि कवितामा उत्तिकै सशक्त रूपमा अभिव्यक्त भएको छ । अतः यस कवितामा कविका बन्धन र मोक्षसम्बन्धी चिन्तन बुद्धको मानसिक विश्लेषणका माध्यमबाट अभिव्यक्त भएका छन् ।

बुद्ध : राहुलको रोदन सुनेपछि कवितामा बन्धन चिन्तन

घनश्याम कँडेलद्वारा लिखित बुद्ध : राहुलको रोदन सुनेपछि कवितामा पूर्वीय दर्शनको बन्धनसम्बन्धी चिन्तनलाई निकै प्रभावकारी रूपमा अभिव्यक्त गरिएको छ । कविका अनुसार राहुलको रोदन सुनेपछि उक्त रोदनले बुद्धलाई सांसारिकताप्रतिको आकर्षण बढेको छ । उनलाई राहुलको रोदन सङ्गीतमय लाग्नाका साथै उकालो चढ्दा आउने हावाको सुखद सिर्सिरीजस्तो शीतलतापूर्ण लागेको भाव कवितामा व्यक्त गरिएको छ । पुत्रमोहले तानिएका बुद्धलाई राहुलको रूवाइ गर्मी बढेका बेलाको वर्षाको शीतल क्षण

र माउ देख्दा चल्लामा निस्किने सुमधुर ध्वनिजस्तो आनन्ददायी लागेको भाव कवितामा व्यक्त गरिएको छ । त्यस्तै बुद्धले यस रोदनलाई आनन्द (सुख) र पिर (दुःख) दुवै रूपमा लिएको भाव पनि व्यक्त गरिएको छ । पूर्वीय दर्शनमा दुःखलाई चिनेर, बुझेर त्यसबाट छुटकारा पाउने अवस्थालाई मात्र सुख भनिएको छ । त्यसैले सुखात्मक अनुभूति पनि दुःख नै हो । त्यस किसिमको अनुभूतिबाट केही क्षण सुखको आभास भए पनि अन्ततः परिणति दुःख नै हुन्छ भनिएको छ (सिन्हा, उध्दृत, चालिसे, २०६९, पृ. ८५) । यस कवितामा राहुलको रोदन सुनेपछि बुद्धमा एकातिर सुखको अनुभूति भएको छ भने अर्कातिर दुःख, पिर र वेदनाको जन्म भएको छ । त्यसैले यस कवितामा बन्धन चिन्तन अभिव्यक्त भएको पाइन्छ । कविताकै श्लोकहरूलाई आधार मानेर उक्त विचारको साक्ष्य प्रस्तुत गर्दा :

साक्ष्य एक

कस्तो रोदन होला यो कुन सङ्गीतको धुन
एक्कासी मन यो मेरो तानिँदै छ त्यतै किन
त्यही रूवाइको हो कि चुम्बकीय तरङ्ग यो
थाहै नपाई बिस्तारै आज यो मन तानियो । (गौतम र एटम, २०७४, पृ. २४९-२५०)

उपर्युक्त श्लोकहरूलाई आधार मानेर हेर्दा, राहुलको रोदनले बुद्धलाई अत्यन्त आकर्षित गरेको छ । सङ्गीतको मिठासपूर्ण धूनले मानिसलाई तानेझैँ राहुलको रोदनले उनलाई तानेको छ । यसबाट बुद्ध विषयवासनातर्फ आकर्षित हुँदै गएको भाव कवितामा व्यक्त गरिएको छ । यस कवितामा सन्तान मोहलाई बन्धनको प्रतीकका रूपमा लिइएको छ । हरेक दुःखले मान्छेलाई सुखको भान पारेर तानिरहेका हुन्छन् तर मानिसले उक्त भ्रमलाई वास्तविक ठानेर त्यसैका पछि तानिन्छ । यस कवितामा राहुलको रोदनलाई एकातिर पुत्रप्राप्तिको खुसीयाली ठानेर बुद्ध आकर्षित भएको अवस्था देखाइएको छ भने अर्कातिर त्यो आनन्द क्षणिक हो भन्ने चैतन्य बोधले उनी त्यत्तिकै दुःखी बनेको भाव व्यक्त गरिएको छ । सङ्गीतझैँ मिठासपूर्ण राहुलको रोदनले आफूलाई चुम्बकलेझैँ तानेकाले आश्चर्यमा परेका बुद्धलाई उक्त रोदन सुखद अनुभूति हो वा दुःखद हो भन्ने संशयजन्य अवस्था सिर्जना भएको कुरा कवितामा व्यक्त गरिएको छ । यसरी हेर्दा, पूर्वीय दर्शनमा व्यक्तिद्वारा सुख वा दुःख दुवै अनुभूति गर्नु बन्धन हो भनिएको छ । प्रस्तुत कवितामा बुद्धका सुखद तथा दुःखद दुवै अनुभूति अभिव्यक्त भएका छन् । त्यसैले यस कवितामा बन्धन चिन्तन प्रस्तुत भएको छ ।

कवितामा कविले बुद्धको रोदनलाई सरिता (नदी) को कल्कल तथा छहराको सुमधुर आवाजसँग तुलना गरेका छन् । उनले पिता पुत्रको सम्बन्धलाई अत्यन्त कोमल तथा घनिष्ठ मानेका छन् । उनलाई राहुलका बालसुलभ गतिविधि/चञ्चलता अति सुन्दर र आकर्षक लागेका छन् । उनी राहुलको जन्मलाई एकातिर आफैँभित्र संस्कारगत रूपमा सञ्चित मानवीय चाहना ठान्छन् भने अर्कातिर उनले यस प्रकारका सांसारिक सुखलाई क्षणिक मान्दै त्यसलाई मानिसलाई मोक्ष मार्गमा बाधा खडा गरी बन्धनमा पार्ने तत्त्व मानेका छन् । उनले आफूलाई आकर्षित गर्ने राहुलको रोदनलाई विषय वासनातर्फको आकर्षण तथा सांसारिक मोह हो भन्ने ठहर गरेका छन् । यही सांसारिक मोह

नै बन्धन हो र यो नै सृष्टिको मूल आधार पनि हो । उनले उक्त रोदनलाई नै आनन्द मानेर आफू रमाइरहेको विचार व्यक्त गर्दै मान्छेको अज्ञानता र भ्रमलाई सङ्केत गरेका छन् । यही अज्ञानता र भ्रम नै बन्धनको प्रमुख कारक हो । घरमा नयाँ सन्तानको आगमन हुंदा सबै रमाउनु व्यावहारिक जीवनमा स्वाभाविक हो तर दार्शनिक दृष्टिले हेर्दा जगत्का सबै सुख क्षणिक र भ्रम हुन् जुन चिरस्थायी हुँदैनन् । सन्तान, तिनको माया, नातागोतासम्बन्ध जस्ता सांसारिक अनेक विषयले नै मान्छेलाई भ्रममा पारेर भुलाई रहेको हुन्छ, तिनै सांसारिक विषयवस्तुप्रतिको मोहका कारण मान्छेले मोक्ष प्राप्त गर्न सक्दैन र बारम्बार जन्ममृत्युको चक्रमा परिरहन्छ । दार्शनिक भाषामा यही जन्ममृत्यु चक्रलाई बन्धन भनिएको छ । यही बन्धन नै सृष्टिको मूल आधार अनि सृष्टि चक्रको मूल कारण हो भन्ने भाव कविताका यी साक्ष्यले प्रस्तुत गरेका छन् :

यही रोदन पो हो कि सृष्टिको त्यो स-री-ग-म
सुरू हुन्छ यसैबाट कि सारा सृजनाक्रम ।
रूँ-रूँ वीणा बडोजस्तो रोइरहेछ राहुल
तर त्यही रूवाइमा म छु आनन्द विह्वल । (गौतम र एटम, २०७४, पृ. २५०)

उपर्युक्त कवितांशका आधारमा हेर्दा स-री-ग-म भनेका सङ्गीतका आधारभूत सात सुर हुन् । कुनै पनि एउटा सिङ्गो सङ्गीतमा तिनै सात सुरहरु निरन्तर घुमिरहन्छन् । ठिक त्यसरी नै सृष्टिचक्र पनि प्राणी वा जीवहरूको जन्म र मृत्युको चक्र बनेर निरन्तर घुमिरहन्छ । कुनै पनि जीवको सृष्टि हुनु भनेको बन्धन हो, दुःख हो । जीव या प्राणी बन्धनमा परेकै कारण उसको पुनर्जन्म हुन्छ । दर्शनको भाषामा जङ्गम तथा स्थावरले निरन्तर सृष्टिचक्रमा घुमेर चौरासी लाख जुनी पार गर्छ भनिन्छ । यदि जीवले एकै जुनीमा नै मोक्ष प्राप्त गर्ने हो भने यो सृष्टिचक्र चल्ने नै थिएन । अतः स-री-ग-म सङ्गीतको मूल आधार भएझैँ सृष्टिको मूल आधार पनि बन्धन (रोदन) नै हो । त्यसैले बन्धन नभए सृष्टिको सम्भावना नै रहँदैन । यही विचार कवितामा व्यक्त भएका कारण यस कवितामा बन्धन चिन्तन सशक्त छ । सङ्गीतमा वीणाले आवाज निकालेझैँ प्रकृतिमा पनि जन्ममृत्युका चक्रले निरन्तर लय तथा गति लिएको हुन्छ । त्यही गति नै सृष्टिचक्र हो र त्यही सृष्टि चक्र नै बन्धन हो । मान्छेले अज्ञानताका कारण त्यसलाई नबुझेर त्यसैमा रमाइरहेछन् । कवितामा 'त्यही रूवाइमा म छु आनन्द विह्वल' भनेर जीव वा प्राणीको अविद्यालाई सङ्केत गरिएको छ ।

गौतम बुद्धमा बाल्यकालदेखि वैराग्य चेतना उद्बोधन भएका कारण उनमा सांसारिकताप्रति वितृष्णा भाव उत्पन्न हुनु स्वाभाविक हो तर विवेच्य कविताको प्रारम्भमा उनी यस प्रकारको मोह बन्धनबाट पूर्णतः मुक्त नभएको अवस्था देखाई उनी द्विविधामा रहेको भाव व्यक्त गरिएको छ । कविताको अन्त्यतिर उनले सांसारिक सुखलाई आँखा खोल्दा झुलुक्क देखिने तर आँखा चिम्लिनासाथ हराउने क्षणिक वस्तु मानेका छन् । त्यसैले यस कवितामा आँखा उघार्नुलाई विषयवासनातिर तानिनु र आँखा चिम्लनुलाई परमात्माको चिन्तनमा लाग्नु, भित्री ज्ञानका आँखा खोल्नु भन्ने अर्थमा प्रयोग गरिएको छ । यसरी हेर्दा यस कवितामा कविले बुद्धका सांसारिक विषयप्रतिका आकर्षण विकर्षणका भावहरु

देखाई बुद्धमा वास्तविक सुख के हो र दुःख के हो भन्ने द्विविधापूर्ण भावहरु उत्पन्न भएको अवस्था देखाइएका कारण यस कवितामा बन्धन चिन्तन रहेको स्पष्ट हुन्छ ।

बुद्ध : राहुलको रोदन सुनेपछि कवितामा मोक्ष चिन्तन

'बुद्ध : राहुलको रोदन सुनेपछि' कवितामा बुद्धका मनमा वास्तविक सुख के हो ? यो कसरी प्राप्त हुन्छ ? भन्ने विषयमा प्रशस्त मात्रामा द्वन्द्व चलेको देखाइएको छ । एकातिर सांसारिक विषयले बुद्धलाई तानेको अवस्था देखाई कविले कवितामा बन्धन चिन्तन प्रस्तुत गरेका छन् भने अर्कातिर यस्ता सांसारिक विषय क्षणिक र नश्वर छन् भनेका छन् । यिनै मोहले मान्छे सांसारिक बन्धनमा परिरहेछ भन्ने चैतन्यबोध भएका बुद्धमा क्रमशः अविद्या र अज्ञानरूपी पर्दा हटी ज्ञान उदय हुन थालेको भाव कवितामा व्यक्त गरिएको छ । उनी विषयवासनातिर नतानिन खोजे पनि मनले तानेर त्यही पुऱ्याउने गरेको र त्यहाँ पुगेपछि मन फर्कन नमानेका कारण आफू दोधारमा परेको भाव व्यक्त गरी उनमा सन्ततिस्नेह साँच्चैको सुख हो वा त्योभन्दा अझ पर पनि केही सत्य छ भन्ने भाव उत्पन्न भएको स्थिति देखाइएको छ । कविमा उत्पन्न यस किसिमको भावले मोक्ष चिन्तनको सङ्केत गरेको छ । बुद्धले राहुल र आफ्नो सम्बन्धलाई अस्थायी र क्षणिक मान्दै यो अहिलेको सम्बन्ध संयोग मात्र हो भन्ने ठानेका छन् । कवितामा सृष्टिमा अनेकौँ जुनी पार गर्ने क्रममा अहिले आएर उनीहरु पितापुत्रको सम्बन्धमा बाँधिएका र यो सम्बन्ध चिरस्थायी नभएको भाव व्यक्त गरिएको छ । त्यसै गरी विवेच्य कवितामा प्राणीले चौरासी लाख जुनी पार गर्ने क्रममा जन्ममृत्युको चक्रमा घुम्दै जाँदा आफूहरु एकअर्कासँग संयोगले भेट भएका र पितापुत्रका सम्बन्धमा बाँधिएको भाव पनि व्यक्त गरिएको छ । कवितामा भोलि आफू कता पुग्ने र राहुल कता पुग्ने हो भन्ने कुराको जानकारी दुवैलाई नभएका कारण अहिलेको पितापुत्रको सम्बन्ध क्षणिक, अस्थायी र संयोग मात्र भएको भाव कविताका निम्नलिखित साक्ष्यहरूबाट प्रस्तुत गरिएको छ :

साक्ष्य तीन
न हो राहुल नै पुत्र पहिलो न म नै पिता
छिनमै म कता पुग्छु छिनमै पुग्छ ऊ कता ।
म घुमेँ मनमा धेरै अझै घुम्दै छ ऊ पनि
खालि संयोग हो हाम्रो यो पिता पुत्रको जुनी । (गौतम र एटम, २०७४, पृ. २५१)

बुद्धका अनुसार राहुल र उनको सम्बन्ध सृष्टि कालदेखिको चिरस्थायी सम्बन्ध होइन, अहिले संयोगले बनेको सम्बन्ध मात्र हो । जीवले पार गर्ने चौरासी लाख जुनीको सृष्टि चक्रमा संयोगले भेट भएको राहुल बुद्धको सम्बन्ध क्षणिक र अस्थायी हो । यो भन्दा अघिल्लो जन्ममा बुद्ध के र को थिएँ ? अनि राहुल के वा को थियो ? यी कुरा कसैलाई थाहा नभएको र यो चोला समाप्त भएपछि उनीहरु को कता जान्छन् दुवैलाई थाहा नभएको भाव कवितामा व्यक्त गरिएको छ । त्यसै गरी कवितामा वर्तमानमा प्राप्त गरेको उनीहरूको सम्बन्ध भनेको चौरासी लाख जुनीमध्ये एक जुनीको सानो सम्बन्ध हो । अतः त्यस्तो क्षणिक सम्बन्धमा अल्झिनु हुँदैन भन्ने चेतनाबोध बुद्धलाई हुन

थालेको कुरा कविले व्यक्त गरेका छन् । बुद्धको मानसिकता प्रस्तुत गर्ने क्रममा कवि कल्पनाद्वारा व्यक्त गरिएका उपर्युक्त पङ्क्तिले कवितामा मोक्ष चिन्तनलाई सङ्केत गरेको छ ।

कविका अनुसार सांसारिक सुविधा जति नै सुखदायी भए पनि ती क्षणिक हुन्छन्, चिरस्थायी हुन सक्दैनन् । त्यस्ता सुखले मान्छेलाई सुख दिएको भान मात्र हुन्छ । अन्ततः त्यसले मानवलाई दुःखका दलदलमा फसाउँछ । त्यस्तो विषयगत सुखलाई कविले जुनकिरीको उज्यालोसँग तुलना गरेका छन् । उनका अनुसार यस्तो सुखले मान्छेलाई अविद्यारूपी अज्ञानता हटाएर आत्मिक ज्ञान उद्‌बोधन गरी मोक्ष मार्गमा पुऱ्याउन सक्दैन । अतः सांसारिक विषय प्राणी वा जीवको बन्धनको कारण हो । त्यसलाई बुझ्न अविद्याको नाश भई विद्या प्राप्ति हुनुपर्छ । जुन व्यक्तिमा अविद्याको पर्दा हटिसकेको हुन्छ, उसले मात्र संसारका राम रमितामा विकर्षण भाव देखाउन सक्छ । कविकै शब्दमा :

साक्ष्य चार  
मोह बन्धन हो सारा दुःखको हो यही घर  
देख्छ उन्मुक्तले मात्र सत्यको रूप भास्वर ।  
यो राम रमितामा भो सक्तिनँ म रमाउन  
अब जान्छु यहाँबाट ननिभ्ने ज्योति पाउन । (गौतम र एटम, २०७४, पृ. २०५१)

उपर्युक्त कवितांशमा सम्पूर्णतः दुःखको कारण मोह हो भन्ने भाव व्यक्त गर्दै त्यसका पछि लाग्नु नहुने विचार व्यक्त गरिएको छ । सबैले त्यस किसिमको चैतन्य बोध गर्न सक्दैनन् । जुन व्यक्तिमा अविद्या र अज्ञानताको नाश भई चैतन्य बोध भएको हुन्छ । त्यसले मात्र वास्तविक सुख के हो भन्ने कुराको बोध गर्न सक्छ । उसले नै आनन्दमय सत्यको ज्योति पत्ता लगाउन सक्छ । त्यस्तो सत्यको मार्ग अवलम्बन गर्न अविद्यारूपी पर्दा हटी ब्रह्मज्ञानको उद्‌बोधन हुनुपर्छ । बुद्धमा यस प्रकारको चेतना जागृत भएका कारण उनले यो नश्वर संसारका कुनै पनि विषयमा सुख नदेखेको भाव कवितामा व्यक्त गरिएको छ । यस कवितामा सांसारिक विषयले मान्छेलाई जति नै सुख दिएको भानमा आकर्षण गरे पनि त्यो सुख भनेको क्षणिक हो । त्यसले मानिसभित्रको अज्ञानता हटाई ब्रह्मज्ञान प्रदान गर्न सक्दैन । यसले गर्दा मान्छे जन्ममृत्युको चक्रमा घुमिरहन्छ भन्ने भाव कवितामा व्यक्त गरिएको छ । यस कवितामा ब्रह्मज्ञान प्राप्त गर्न मानिसमा आत्म चैतन्य बोध हुनु पर्छ भन्ने चेतना बुद्धमा जागृत भएको कुरा देखाइएको छ । अतः उनी क्षणिक सुख प्राप्तितर्फ नलागी वास्तविक सत्यको खोजी गर्ने मार्गतर्फ उन्मुख हुन चाहेको भाव कवितामा व्यक्त गरिएको छ । बुद्धको यस किसिमको मानसिकताका माध्यमबाट कविले मोक्षसम्बन्धी आत्ना दार्शनिक चिन्तन प्रस्तुत गरेका छन् । कविका अनुसार ब्रह्मज्ञान प्राप्तिपछिको सुख वास्तविक सुख हो । यो दुःखरहित सुख हो, ज्योतिर्मय सुख हो । यसरी हेर्दा यस कवितामा मोक्ष चिन्तन पनि उत्तिकै सशक्त रूपमा अभिव्यक्त भएको छ ।

## निष्कर्ष

घनश्याम कँडेलद्वारा लिखित बुद्ध : राहुलको रोदन सुनेपछि कवितामा बुद्धले पुत्ररोदन सुनेपछि उनका मनमा उत्पन्न भएका मानसिक भावहरू व्यक्त गरिएको छ । उनलाई राहुलको रोदन सङ्गीतको मिठो धुनजस्तै प्रिय लागेकाले उनी पुत्रमोहतिर आकर्षित भएका छन् । राहुलको बालसुलभ सौन्दर्यले आकर्षित भएका बुद्धलाई त्यो आकर्षण साँच्चै आकर्षण नै हो कि या बन्धन हो भन्ने द्विविधा उत्पन्न भएको छ । यसले सम्पूर्ण मानव मात्रलाई सांसारिक विषयबन्धनले पार्ने द्विविधाको सङ्केत गरेको छ । हरेक मनुष्य सांसारिक विषयलाई वास्तविक ठानेर तिनकै मोहपासमा बाँधिएर रमाइरहेको हुन्छ । यिनै सांसारिक सुख र दुःखप्रतिको अनुभूति बन्धन हो । त्यसैले यस कवितामा कविले बुद्धको मानसिकताका माध्यमबाट आफ्ना बन्धनसम्बन्धी चिन्तनहरू प्रस्तुत गरेका छन् । त्यस्तै बुद्धलाई सांसारिक विषयले तान्नुका साथै उनलाई ती कुराहरू दुःख वा बन्धनका मूल कारक हुन् भन्ने चैतन्य बोध पनि उत्तिकै सशक्त रूपमा भएको छ । उनलाई अविद्या नै दुःखको प्रमुख कारण हो जसले मानिसलाई मोह बन्धनमा फसाउँछ भन्ने आत्मज्ञान प्राप्त भएको छ । अतः अविद्याको पर्दा हटाई आत्मिक ज्ञान प्राप्त भएपछि मानिसले जुन वास्तविक सुख प्राप्त गर्छ त्यो चाहिँ मोक्षावस्था हो भन्ने चैतन्यबोध पनि बुद्धमा जागृत भएको छ । उनले आफू यो सांसारिक राम रमितामा भुलेर रमाउन नसक्ने हुँदा वास्तविक सुख वा परमात्मामा एकाकार हुन चाहेको भाव कवितामा व्यक्त गरिएको छ । त्यसैलै यस कवितामा मोक्ष चिन्तन पनि उत्तिकै सशक्त रूपमा व्यक्त भएको छ । यसरी विवेच्य कवितामा कविले बुद्धका मानसिकताका माध्यमबाट आफ्ना बन्धन र मोक्षसम्बन्धी दार्शनिक चिन्तनहरू प्रस्तुत गरेका छन् । अनुष्टुप् छन्दको सुन्दर प्रयोग, भाव र अनुभूतिको सबलता तथा प्रौढ विचारलाई सरल, सहज भाषाशैलीका माध्यमबाट व्यक्त गरिएको यस कवितामा कविको बन्धन र मोक्षसम्बन्धी चिन्तन सशक्त रूपमा अभिव्यक्त भएको छ । कविका अनुसार स-री-ग-म सङ्गीतको मूल आधार भएझैं बन्धननै सृष्टिको मूल आधार रहेको, बन्धनकै कारण जीव जन्ममृत्युचक्रमा घुमिरहने हुँदा सृष्टिको निरन्तरता कायम रहेको भाव कवितामा व्यक्त भएका कारण यस कवितामा मोक्ष चिन्तनभन्दा बन्धन चिन्तन सशक्त रूपमा अभिव्यक्त भएको निष्कर्ष निकालिएको छ ।

## सन्दर्भ सामग्रीसूची


कँडेल, घनश्याम (२०७४), 'बुद्ध : राहुलको रोदन सुनेपछि', *प्रज्ञा आधुनिक नेपाली कविता*, (सम्पा.) लक्ष्मणप्रसाद गौतम र नेत्र एटम, काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान, पृ. २४९–२५१ ।

गिरी, रामानन्द (२०५५), *जनक-दर्शन*, भक्तपुर : जनक शिक्षा सामग्री केन्द्र लि. ।

गौतम, लक्ष्मणप्रसाद (२०७८), 'वैदिक षड्दर्शनका प्रमुख मान्यता' *नेपाल अध्ययन जर्नल*, वर्ष १, अङ्क १, काठमाडौँ : नेपाल र एसियाली अनुसन्धान केन्द्र, त्रि.वि., पृ. ७७–११३ ।

चालिसे, नारायण (२०६९), *पूर्वीय दार्शनिक मान्यतामा कोइरालाका उपन्यास*, दाङ : वी.पी. चिन्तन केन्द्र ।

न्यौपाने, नेत्रप्रसाद (२०७२), *लेखनाथका कवितामा बन्धन र मुक्ति,* अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध, त्रि.वि. नेपाली केन्द्रीय विभाग ।

पोखेल, माधवप्रसाद (२०७३), *धृतराष्ट्र खण्डकाव्यको भूमिका लेखन*, पृ. क ।

राई, भक्त (२०७४), *पूर्वीय दर्शन*, काठमाडौँ : नेपाल प्राज्ञिक अनुसन्धान केन्द्र ।

रिजाल, नारायणप्रसाद (२०७०), *बौद्धादर्श,* काठमाडौं : व्योमकुसुमा बुद्धधर्म संघ ।

रेग्मी, रामराज (२०७७), *पूर्वीय दर्शनमा भौतिकवाद*, काठमाडौं : जागरण बुक हाउस ।

शाक्य, तीर्थरत्न (२०६४), *बोधिज्ञान कुसुम*, काठमाडौं : बुद्धधर्म अध्ययन गोष्ठी ।